# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : १३, २०८२ मंसिर २८ गते आइतवार ( 14 Dec. 2025 ) मूल्य रु. २०/-




नेकपा(एमाले)को एघारौं महाधिवेशन उद्घाटनमा उर्लिएको जनसागरः नेकपा (एमाले)को एघारौं महाधिवेशन हिजो भक्तपुरको सल्लाघारी खुला मैदानमा भव्य जनमानसको उपस्थितिमा उद्घाटन भयो । बन्दसत्र आजबाट हुनेछ ।

# नेकपा(एमाले)को ११ औं महाधिवेशन भव्य उद्घाटन

सुस्केरा डेक्स

भक्तपुर, मंसिर । भक्तपुरको सल्लाघारी स्थित नेपाल ट्रस्टको १ सय ८ रो पनी चौरमा नेकपा(एमाले)को ११ औं महाधिवेशन शनिवार लाखौं जनसमुनदायको उपस्थितिमा भव्य उद्घाटन भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ११ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा सहभागी हुन शनिवार बिहानैदेखि विभिन्न जिल्लाबाट आएका नेता, महाधिवेशन प्रतिनिधि एवं कार्यकर्ता र समर्थक जनसमुदायको भीड लागेको थियो ।

नेकपा(एमाले) को ११ औं महाधिवेशन उद्घाटन कार्यक्रममा विभिन्न झाँकी हरु समेत प्रस्तुत गरिएको थियो । गाउँ गाउँ तथा जिल्ला जिल्लाबाट हजारौं हजारको जुलुस नारा र बाजागाजा सहित सभास्थल पुगेको थियो । महाधिवेशन उद्घाटन स्थललाई विभिन्न जनवादी गितहरुले गुञ्जायमान बना इएको थियो । उद्घाटन सत्रमा नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी, नेकपा(माओवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिले सुभकामना मन्तव्य राख्नु भएको थियो ।

विभिन्न जिल्लाबाट बस रिर्जभ गरी रात्रिको समयमा आएका प्रतिनिधि एवं कार्यकर्ताको उद्घाटन स्थलको गेट बाहिर भीड लागेको हो । महाधिवे

....... .. .पेज नं. ८ मा

# कृषि उत्पादन प्रदर्शनी सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई डोल्पाको आयोजनामा सदरमुकाम दुनै बजार स्थित "कृषि उत्पादन प्रदर्शनी" कार्यक्रम सम्पन्न भएको छ। वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि उपज प्रर्दशन कार्यक्रममा विभिन्न स्थानका कृषकहरुले आफ्नो उत्पादन कृषिजन्य वस्तुहरु प्रर्दशन गरेका थिए ।

कृषि उत्पादन प्रदर्शनी कार्यक्रममा सहभागी कृषकहरुलाई अनुगमन तथा मुल्यांकन समितिले कृषकहरुले उत्पादन गरि प्रर्दशनी गरेका कृषि जन्य बस्तुहरुको विभिन्न आधारमा मुल्यांकन गरि दिएको प्रतिवेदन अनुसार विभिन्न स्थान हासिल गर्ने कृषकहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको छ ।

उक्त कृषि प्रदर्शनी कार्यक्रममा सहभागी त्रिपुरासुन्दरी नगरपालिका-३ स्थित सुनदह फलफूल तथा नर्सरी उधोगका कृषक रणजित बोहोरा प्रथम हुनु

....... .. .पेज नं. ८ मा

# स्थानहद लगाएर चुनाव हुदैन

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकार माथि चुनावको अनुकूल वातावरण नबनाएको आरोप लगाउनु भएको छ । उहाँका अनुसार राजनीतिक गतिविधि नियन्त्रण गर्ने कदमले निष्पक्ष निर्वाचनको आधार नै कमजोर बने को छ ।

एमालेको ११औं महाधिवेशन उद्घाटन कार्यक्रममा बोल्दै ओलीले नेताहरूको राहदानी रोक्का, स्थानहद र निषेधाज्ञा जस्ता निर्णयप्रति असन्तुष्टि व्यक्त गर्नु भयो । उहाँले यस्ता अवस्थालाई चुनावी तयारीको संकेत भन्न नमिल्ने टिप्पणी गरे ।

सरकारले दलहरूको विश्वास जित्न असफल भएको भन्दै ओलीले आन्दोलनका क्रममा हराएका हतियार फि

....... .. .पेज नं. ८ मा

# डोल्पाले संस्थापनलाई सहयोग गर्ने

लेख बुढा

डोल्पा, मंसिर । नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशन भक्तपुर को सल्लाघारीमा हिजो मंसिर २७ गते उद्घाटन भएको छ ।

शनिवार उद्घाटन भएको महाधिवेशन २९ गते सम्म चल्ने छ । नेकपा (एमाले)का वर्तमान केन्द्रीय अध्यक्ष केपी शर्मा ओली तथा संस्थापन पक्षको टिमलाई डोल्पाले महाधिवेशनमा समर्थन गर्ने संकेत नेकपा(एमाले) जिल्ला कमिटी डोल्पाका अध्यक्ष लंकबहादुर रोकायाले गर्नु भएको छ । वर्तमान विषम परिस्थितिमा अध्यक्ष ओलीलाई चौतर्फि घेराबन्दी गरेको अवस्थामा पनि नेकपा(एमाले)लाई जोगाई राख्नका लागि आफ्नो ज्यानको समेत प्रवाह नगरी पार्टी, देश र जनताका लागि लाग्ने संस्थापन पक्ष तथा श्रद्धेय अध्यक्ष केपी शर्मा ओली र इतर पक्षमा बहालवाला बरिस्ठ उपा

....... .. .पेज नं. ८ मा

# लैङ्गिक हिंसा विरुद्धको अभियान

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं" भन्ने मुल नारासहित मंसिर ९ गतेदेखि सुरु भएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न सचेतनामूलक गतिविधि तथा कार्यक्रम संचालन गर्दै सम्पन्न भएको छ । अभियान अन्तर्गत समुदाय तथा विद्यालयस्तरमा हिंसाविरुद्धका सन्देशमूलक कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

ठुलीभेरी नगरपालिका न्यायिक समिति सम्पर्क कार्यालय दुनैको आयोजनामा, सामाजिक विकास कार्यालय डोल्पा, युरोपियन युनियन, प्लान इन्टरनेशनल नेपाल, स्याक नेपाल लगायतको सहजीकरणमा सदरमुकाम दुनैमा औपचारिक समापन कार्यक्रम गरिएको हो । कार्यक्रममा संविधान सभा सदस्य दुध कुमारी हमाल तथा जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकाया अन्तरपार्टी महिला संजाल डोल्पाकी अध्यक्ष माया ठकुल्ला, वडा अध्यक्ष तेजेन्द्र बहादुर रोकाया, नागरिक समाजका अध्यक्ष शेर बहादुर बुढा लगायतले महिला हिंसा अन्त्यका लागि व्यवहारमै

....... .. .पेज नं. ८ मा

# प्रधानमन्त्रीसमक्ष जेनजी आन्दोलनको क्षति प्रतिवेदन

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर । जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न गठित समितिले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गरेको छ ।

उक्त समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव र विलाल पन्थले आज सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन सारांशको प्रस्तुतीकरण गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते यो समिति गठन भएको थियो। समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन बुझाएको हो ।

समितिका अनुसार जेनजी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो। यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन्। प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ ।

दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्। १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ । समग्र भौतिक क्षति हेर्दा रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भएको समितिको मूल्याङ्कन छ। जसमध्ये प्रभावित निकाय/संस्था दुई हजार १६८ छन्। दुई हजार ६७१ भवनमा क्षति पुगेको छ। जसमा क्षतिको

....... .. .पेज नं. ८ मा

### नेकपा(एमाले)को ११ औं ....

शन उद्घाटनका लागि निर्माण गरिएको विशाल मञ्च, सभास्थल तथा आवश्यक भौतिक संरचनाको काम पूर्णरूपमा सम्पन्न भइसकेको एमाले भक्तपुरका अध्यक्ष बचन देउजाले जानकारी दिनु भयो ।

उहाँका अनुसार मञ्च, ध्वनि प्रणाली, प्रकाश व्यवस्था, एलइडी स्क्रिन, बसाइँ व्यवस्था तथा व्यवस्थापनसम्बन्धी सबै तयारी तोकिएकै समयमै सम्पन्न गरिएको जानकारी दिँदै उहाँले शनिवार बिहानैदेखि आएका नेता तथा कार्यकर्तालाई गेट बाहिरै राखिएको बताउनु भयो ।

उद्घाटन स्थललाई व्यवस्थित गर्न, सुरक्षा जाँचलाई दुरुस्त राख्नका लागि बिहान १०:३० सम्मका लागि गेट बन्द गरिए पनि ११ बजेबाट प्रवेश कार्यक्रम स्थलमा प्रवेश गर्नेको भीड लागेको थियो ।

शनिवार दिउँसो १:०० बजे पार्टी अध्यक्ष केपी शर्मा ओलीले मञ्चमा बनाइएको चाँगुनारायण मन्दिरको छेउमा राखिएको विद्युतीय पालालाई रिमोटद्वारा बत्ति बालेर उद्घाटन गर्नु भएको छ ।

पार्टीको ११औं महाधिवेशन भएकाले पार्टीका ११ झण्डा राखिएकामा १० वटा झण्डा सुरुमै फहराइएको थियो भने, एउटा झण्डा रिमोटबाट फहराएर उद्घाटन गरिएको थियो ।

औपचारिक रूपमा उद्घाटन गरेर महाधिवेशनको शुभारम्भ गर्ने तयारी सम्पन्न भए अनुसार कार्यक्रम सुरु भएर सम्पन्न भएको जानकारी दिँदै उहाँले महाधिवेशनस्थलमा सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्वयंसेवक परिचालन गरिएको जानकारी दिनुभयो ।

#### दुई हजार ५०० सुरक्षाकर्मी तैनाथ

महाधिवेशन उद्घाटन स्थलको सुरक्षालाई ध्यानमा राख्दै बम विस्फोटक पदार्थ तथा हतियार सुँघेर पत्ता लगाउने तालिम प्राप्त कुकुरसहितको प्रहरी टोलीले शनिवार बिहान जाँच गरेको जानकारी दिँदै सुरक्षा व्यवस्थालाई कडा पारिएको भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँले बम डिटेक्टर उपकरण प्रयोग गरी मञ्च, सभास्थल र वरपरका क्षेत्रमा सुक्ष्म जाँच गरेको जानकारी दिँदै सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोसाकका प्रहरी गरी दुई हजार ५०० सुरक्षाकर्मी उद्घाटन स्थलमा तैनाथ गरिएको जानकारी दिनु भयो । सुरक्षाको व्यवस्थामा कुनै कमी नरहने गरी व्यवस्थापन गरेको जानकारी दिँदै उहाँले सिसी क्यामराबाट निगरानी गर्ने टोलीसमेत खटाएर सुरक्षा निगरानी गरिएको बताउनु भयो ।

सभास्थलका साथै ऱ्याली आउने स्थल, सडक, पार्किङ स्थललगायत क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोसाकका सुरक्षाकर्मी तैनाथ गरिएको जानकारी दिनु भयो ।

कार्यक्रम स्थलमा कहिकतै शङ्कास्पद गतिविधि भएको देखिए तत्कालै पक्राउ गर्ने गरी कारवाही गर्ने गरी सुरक्षा निकायले तयारी गरेको राजेन्द्र गौतमले जानकारी दिनु भयो ।

### प्रधानमन्त्रीसमक्ष .. .....

मूल्याङ्कन रु ३९ अर्ब ३१ करोड ७५ लाख बराबर रहेको छ ।

१२ हजार ६५९ वटा सवारीसाधनमा क्षति पुग्दा १२ अर्ब ९३ लाख ६१ हजार बराबरको नोक्सान हुन पुगेको छ। सरकारी/सार्वजनिक क्षेत्रको रु ४४ अर्ब ९३ करोड ७३ लाख बराबर को क्षति पुगेको छ ।

निजी क्षेत्रको क्षतिको मूल्याङ्कन ३३ अर्ब ५४ करोड ८७ लाख बराबर छ। सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपियाँ बराबरको क्षति भएको छ ।

सरकारी क्षतिमा तीन तहमध्ये सङ्घीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ। समितिले पुनःनिर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनःनिर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख बराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

### लैंगिक हिंसा विरुद्धको .......

परिवर्तन आवश्यक रहेकोमा जोड दिए । समापनको अवसरमा बिहान दुनै बजारमा ऱ्याली निकालिएको थियो भने दिउँसो सरस्वती माध्यमिक विद्यालयमा बालबालिकाबीच बक्तृत्वकला प्रतियोगिता, जनचेतनामूलक नाटक तथा अन्य कार्यक्रम सञ्चालन गरिएको थियो ।

यसैगरी त्रिपुरासुन्दरी नगरपालिका जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकामा पनि विभिन्न सचेतनामूलक गतिविधिहरूसहित अभियानको सफल समापन गरिएको छ ।

### डोल्पाले संस्थापनलाई ..... ....

ध्यक्ष इश्वर पोखरेल पक्ष बिच लगभग चुनाव हुने पक्कापक्की भएको छ ।

११ औं महाधिवेशनमा देशभरबाट सहभागी प्रतिनिधिहरु को कस्को खेमामा हुने भन्ने पनि खुल्दै जान थालेका छन। नेकपा एमालेको ११ औं महाधिवेशनको लागि डोल्पा जिल्लाबाट ८ जना महाधिवेशन प्रतिनिधि छनौट भएका छन। डोल्पाबाट छनौट भएका सबै प्रतिनिधिहरुले परिपक्व देशभक्ति नेतृत्व संस्थापन पक्षमा मतदान गने ' नेकपा (एमाले) डोल्पाका अध्यक्ष लंक बहादुर रोकायाले बताउनु भएको छ । आजको आवश्यकता अनुसार कर्णालीका दश जिल्लाका अध्यक्ष तथा प्रतिनिधि बिच छलफल भइ केपी शर्मा ओली नेतृत्वलाई साथ समर्थन गर्ने सहमत भएको उहाँको भनाई छ।

### स्थानहद लगाएर .. ....

र्ता नभएको र फरार कैदीबन्दी अझै नियन्त्रणमा नआएको उल्लेख गर्नु भयो । यस्तो अवस्थामा निर्वाचन स्वतन्त्र प्रतिस्पर्धात्मक हुन नसक्ने उहाँको भनाइ छ ।

ओलीले मताधिकार सुरक्षित र निष्पक्ष प्रतिस्पर्धाको ग्यारेन्टी भए एमाले चुनावमा जान तयार रहेको स्पष्ट गर्दै ' हालको परिस्थिति चुनावका लागि उपयुक्त नभएको बताए ।

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले आफ्नो पार्टी कमजोर नभई झनै शक्तिशाली भएको बताएका छन्। शनिवार भक्तपुरको सल्लाघारीमा पार्टीको ११ औं महाधिवेशन उद्घाटनसत्रमा स्वागत मन्तव्य का क्रममा उहाँले भन्नु भयो, "नेपालको इतिहासमा २३ र २४ गते राष्ट्रविरोधी, लोकतन्त्र र गणतन्त्रविरोधी तत्व को घुसपैठले एमालेलाई कमजोर बनाउने प्रयत्न गरे पनि शक्तिशाली भएको छ ।"

युवाको भावनामा खेलेर मुलुकलाई अध्याँरो सुरुङमा लैजाने प्रयास गरिएको उहाँले उल्लेख गर्नु भयो । तर, मुलुकलाई एमालेले अघि बढाउने उहाँले बताउनु भयो । मुलुकलाई

### कृषि उत्पादन ... .... .... ...

भएको छ । त्रिपुरासुन्दरी- ४ स्थित पवन जडिबुटी तथा बीउ उधोगका ज्ञान बहादुर बोहोरा द्वितीय हुनु भएको छ । ठुलीभेरी नगरपालिका-११ स्थित फुनाल्दुवा कृषि तथा फलफूल उधोगकी राममती कार्की तृतीय हुनु भएको छ ।

यस्तै कृषि उत्पादन प्रदर्शनी कार्यक्रममा सहभागी ठुलीभेरी नगरपालिका-७ का कृषक तिलकजंग शाही, काईके गाउँपालिका-७ कि कृषक सीता बुढा रोकाया, ठुलीभेरी नगरपालिका-२ कि कृषक नन्दा लक्ष्मी क्षेत्री, ठुलीभेरी नगरपालिका-१० का कृषक हिरालाल कार्की लाई सहभागी प्रोत्साहान पुरस्कार प्रदान गरिएको छ ।

कृषि उत्पादन प्रदर्शनी कार्यक्रममा सहभागी कृषक प्रथमलाई रु ९ हजार रुपैयाँ, द्वितीयलाई रु ७ हजार रुपैयाँ, तृतीयलाई रु ५ हजार रुपैयाँ र अन्य सहभागीलाई रु २ हजार रुपैयाँ पुरस्कार सहित प्रमाणपत्र प्रदान गरेर सम्मान गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई डोल्पाका कार्यालय प्रमुख गोविन्द बहादुर मल्लले जानकारी दिनु भएको छ । कृषि उत्पादन प्रदर्शनी कार्यक्रमले कृषकहरुले उत्पादन गरेका वस्तुको प्रचारप्रसार हुनुको साथै कृषकमा मनोवल बढ्ने र एक आपसमा परिचय हुने विश्वास रहेको उहाँले बताउनु भएको छ ।

यसैबिच डोल्पा जिल्लाका स्याउ जोन संचालन भएका विभिन्न स्थानका कृषकहरुको भेलाबाट शैलेश बुढाको संयोजकत्वमा जोन संचालन समन्वय समिति (स्याउ जोन)पुनःगठन भएको छ

## मानवअधिकारको सम्मान गरौं ।

- ❖मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- ❖मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- ❖हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- ❖मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- ❖मानवअधिकार उल्लंघन नगरौं,
- ❖मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

**मानवअधिकारप्रति सचेत रहौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# लोकतान्त्रिक गतिविधि

लोकतान्त्रिक पद्धतिको एक प्रमुख आधार भनेको शान्तिपूर्ण रुपमा आफ्ना मत जाहेर गर्नु हो । लोकतान्त्रिक व्यवस्था भएका देश हरुमा राजनीतिक दलहरु स्थापित हुन्छन् । ती राजनीतिक दलहरुका आन्तरिक विधिविधान र गतिविधि हुन्छन् । ती सबै गतिविधिमा लो कतन्त्र पहिलो सर्त हुन्छ । लोकतन्त्र भनेकै स्वस्थ चुनवी प्रतिस्पर्धा हो । निर्वाचनको माध्यमबाट जनमत परीक्षण हुने, निर्वाचनको माध्यमबाट नेतृत्व छानिने विधि र पद्धति भएको व्यवस्था नै लोकतन्त्र हो । यसमा अन्यथा हुँदैन । तर पनि लोकतन्त्रको अभ्यासलाई गलत तरिकाले प्रयोग गर्न खोज्ने परम्परा पनि बसेको पाइन्छ । लोकतान्त्रिक प्रणाली अपनाएर कुनै पनि निर्वाचन स्वीकार्न तयार हुनु त्यो लोकतान्त्रिक गतिविधिका प्रतिस्पर्धीको दायित्व हो । त्यो लोकतान्त्रिक विधि भित्र छिर्ने, आफू पछि परे त्यो विधि ठिक भएन भन्ने, विधिको परिणामलाई स्वीकार्न आनाकानी गर्ने गरेको पनि देखिन्छ । यो कदापि लोकतन्त्रको व्यवहार होइन, जव लोकतान्त्रिक गतिविधिमा प्रवेश गरिन्छ त्यति बे ला सबैले त्यसबाट निस्कने परिणामलाई सहर्ष स्वीकार्ने मनमष्तिस्क बनाएर प्रवेश गर्नु आवश्यक हुन्छ ।

लोकतन्त्र भनेको निर्वाचन मात्र पनि होइन, लोकतन्त्रिक गतिविधि हुनु आवश्यक हुन्छ । राज्य भित्र, राज्यका हरेक विधि पद्धतिहरु लोक तान्त्रिक हुनु आवश्यक हुन्छ । लोकतन्त्र भनेको जनमतको तन्त्र हो, जनमतले जे भन्छ त्यो मान्ने तन्त्र लोकतन्त्र हो, हरेक पक्षमा विषयमा जनमतले के भनेको छ ? देशमा भएका निर्वाचनहरुमा जनताले देशको शासन कस्ले गर भनेर पार्टी र नेतालाई चुनावमा मत प्रकट गर्छन । त्यो पार्टी र नेताले निश्चित समयसम्म शासन संचालन गर्न सबै लोक तान्त्रिक विधि पद्धति मान्ने राजनीतिक दल, दलका नेताहरु र नागरिक हरुले पनि त्यो अवस्थालाई स्वीकार गरेर सहयोग गर्नु पर्छ । अनि मात्र लोकतन्त्र सफल हुन सक्छ । निर्वाचनमा जाने हारे पछि बखेडा गर्न थाल्ने, जनमत पाएको राजनीतिक दललाई समयअवधिसम्म काम गर्न तथा शासन गर्न नदिने, धैर्य गर्न नसक्ने, जनमतबाट पराजित हुने तर शासन गर्न तथा कुर्सि मोहमा लिप्त भएर सत्ता ढाल्ने खेलमा मात्र लाग्नु अत्यन्त खेदजनक छ । तर नागरिकहरुले यो कुरा बुझेको छैन ।

शासन प्रणाली लोकतान्त्रिक बनाउने, शासन गर्न अधिनायकवादी चरित्र अपनाउने गरेर देशको लोकतन्त्रिक विधि कसरी सफल बन्छ ? यसमा नागरिकहरु पनि सचेत हुनु आवश्यक छ । हामी जनतालाई को राजनीतिक पार्टी र नेताले उल्लु बनाई रहेको छ । हाम्रो भावना माथि खेलेको छ, गलत बोलेको छ, आनीबानी के छ, बोली र व्यवहार मिलेको छ की छैन, लोकतान्त्रिक प्रतिस्पर्धालाई कुन रुपमा लिएको छ, यस प्रकारका गतिविधिलाई राम्रो सँग नियालेर नागरिकहरुले मत प्रकट गर्नु आवश्यक छ । यति भन्दै गर्दा मत प्रकट गर्ने क्रममा तथा निर्वाचनको अवस्था कस्तो भयो भन्ने हो । निर्वाचन भयो तर नामको मात्र भने राम्रो होइन, धम्काएर, हप्काएर, भोट खोसेर आफ्नो पक्षमा मत पारिन्छ भने त्यसरी आएको जनमत होइन, त्यसले झनै लोकता न्त्रिक विधिको कुठाराघात गरेको ठहर्छ । सबैको जय होस् ।

# उनी अर्थात् एउटी पात्र

जयन्ता पोखरेल
गोरखापत्रबाट

उनी
अर्थात् हरेक साँझ मलाई पर्खिरहने एउटी पात्र
तुक समातेर भन्छिन्
महोदय, एक साँझ
सम्पन्नताको सवारी चढेर
वर्गीय अभावमा तपाईं रत्नपार्क आउनुभो
र मलाई
प्यासको रातो सर्वत बनाउनुभो
सहमतिबाट म माथि नउठ्दै
माग्नुभो दामको सन्तुलित लिस्ट
र म रिजर्भ भएको रसिद काट्नुभो
मसँग पनि थिए
किशोरी मिर्मिरेसँगै मुस्कुराउने
कुमारी सपनाहरू
मसँग पनि थिए
प्रेमालयमा हुर्किंदै गरेका गृहस्थीका बच्पनाहरू
पेटको पर्खालभित्र
बनाएर भोगको बन्धकी
तमसुक पट्याए झैँ
मेरो अनुमति पट्याउनुभो
बस्न दिएर रुपियाँको अग्लो मचानमा
मेरो रातलाई दिन बनाउनुभो
र दिनलाई रित्तो बिस्कुन बनाउनुभो
कुरा यत्ति हो,
तपाईंको अँगालोबाहिर
म ओतिएको ओतमुनि
केही थान भोकले मलाई पर्खिएको हुन्थ्यो
उनीहरूकै रोगले पक्रिएको हुन्थ्यो
अलिकति सोखले लज्जा लत्रिएको हुन्थ्यो
त्यसैले महोदय,
आवश्यकताको प्रणय कानुन ओढेर
जानाजान म
तपाईंका लागि ‘प्रोर्न साइड’ भएँ
भन्नु केही छैन
जानाजान म
गतीछाडा गल्लीको ‘रेड लाइट’ भएँ
भन्नु केही छैन
महोदय, पेसा र सम्बन्धका आफ्नै मूल्यहरू हुन्छन्
स्विकार्नुहोला
दिनुलिनुका विनियमहरू हुन्छन्
स्विकार्नुहोला
गोप्यताको मेरो हक
आत्मसम्मानको गजुरीबाट
तपाईंले खसालेको दिन
बदनाम बादलले मेरो इज्जत न्याँकेको दिन
म लैजाने छु
हल्लाको सामाजिक सञ्जालमा तपाईंलाई
र सुनाउने छु उत्ताउलो कथा
नाङ्गो दुनियाँ मन पराउनेहरूलाई
महोदय, नबुझी तडप सङ्घर्षको
चतुर पण्डितले झैँ चरित्रको कुरा
समाजशास्त्रको कचहरीमा गर्दै नगर्नुहोला
हालत पागल भएपछि
देखेको छु,
सती सावित्री पनि नगरबधू बनेको
त्यसैले म बेचिरहेको छु सहरमा निजी आकर्षण
किन्न सक्नुहुन्छ तपाईं
म बेचिरहेछु सर्मको सन्ध्या
किन्न सक्नुहुन्छ तपाईं
महिनाको हिसाबमा
‘दस हजार’ घरभेटीले लिने भाडा
‘आठ हजार’ मालिकले दिने ज्याला
बाध्यताको यस्तो सास्तीमा बाँधेर
ओ राज्य, तिमी मलाई बेसर्मीको पदक नबनाऊ .....

खेलकुद

# एनपिएलको उपाधी लुम्बिनीले जित्यो

सन्देश बुढा

काठमाडौं, मंसिर । नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो सिजनको उपाधि लुम्बिनी लायन्सले उचालेको छ । लुम्बिनीले फाइनलमा सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले हराउँदै उपाधि उचालेको हो ।

सुरुमा ब्याटिङ गरेको सुदूरपश्चिमले दिएको ८६ रनको लक्ष्य लुम्बिनीले नौ ओभरको समाप्तिमा पूरा गरेको हो । लुम्बिनीका लागि दिनेश अधिकारीले सर्वाधिक ४२ रन बनाउनुभयो । कप्तान रोहित पौडेलले १६ रन बनाउँदा डार्सी सटले १४ रन थपे, निरोशन डिकवेलाले १० रन जोड्नुभयो ।

सुदूरपश्चिमका लागि हेमन्त थामीले दुई विकेट हात पार्दा कप्तान दिपेन्द्रसिंह ऐरी र अविनास बोहोराले एकएक विकेट हात पार्नुभयो ।

त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमका कप्तान दिपेन्द्रसिंह ऐरीले टस जितेर ब्याटिङ गर्ने निर्णय गर्नु भएको थियो । बलिङको निम्तो पाएको लुम्बिनीको कसिलो बलिङमा सुदूरपश्चिम १९ ओभर एक बलमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटिएको हो ।

सुदूरपश्चिमका लागि ओपनर इशान पाण्डेले सर्वाधिक ३३ रन बनाउनु भयो । कप्तान दिपेन्द्रसिंह ऐरीले १३, हर्षित सिंह र स्कट कग्लेजिनले समान १०/१० रन बनाउनु भयो । अन्य ब्याट्सम्यानले दोहोरो रन जोड्न सक्नु भएन । सुदूरपश्चिमलाई कम स्कोरमा रोक्न बलिङमा लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले ह्याट्रिक पूरा गर्नु भएको छ ।

# कार्यदक्षता हासिल गर्न शिक्षा

- प्राडा शोभाखर कँडेल

...... ज्ञानको आदानप्रदान, सिकाइमा प्रविधिको प्रयोग गर्नुपर्ने देखिन्छ । एक्काइसौं शताब्दीमा आवश्यक पने सिपको हासिल सिकाइको क्रममा नभए व्यक्ति समाजमा स्थापित हुन सक्दैन ।

अभिवृत्ति पक्षको विकास गर्न सकारात्मक सोचको विकास गर्नु पर्छ । रचनात्मक प्रतिक्रिया दिन सक्ने, नैतिक मूल्यलाई सिकाइमा जोड दिने, परिवार, समाज, देशलाई माया गने, आमाबाबु, छरछिमेक, इष्टमित्रलाई यथोचित सम्मान गर्ने, समग्रमा मानवमात्रको भलाइमा दत्तचित्त हुने, स्वआत्म विश्वास बढाउने खालको शैक्षिक वातावरण बनाउनु पर्छ । नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउनु पर्छ । कार्यदक्षता वा क्षमता बढाउन वास्तविक जीवनका समस्या समाधान गर्न सक्ने, अनुभवबाट सिक्दै जाने, आत्ममूल्याङ्कन गर्न सक्ने, परियोजना बनाउने, सम्पन्न गर्ने, निष्कर्ष निकाल्ने, त्यसको सम्प्रेषण गर्न सक्ने, ज्ञानको सिर्जना गर्न सक्ने जनशक्ति तयार गर्न सक्नु पर्छ ।

सम्पूर्ण सिकाइका लागि आधारभूत सिकाइ वातावरण बनाउनु पर्छ । विद्यार्थी केन्द्रित शिक्षण पद्धति नै महत्वपूर्ण पक्ष हो । प्रश्न सोधन प्रेरित गर्ने, खुला संवाद गर्न सक्ने, कक्षाकोठालाई समावेशी बनाउने र सबैले आआफ्नो गतिमा सिक्न सक्ने वातावरण बन्नु पर्छ । शिक्षक केवल परामर्शदाता भएर विद्यार्थीलाई सिक्ने वातावरण बनाइदिन सक्षम हुनु पर्छ । शिक्षक त एउटा रङ्गमञ्च निर्माणकर्ता हो भो विद्यार्थी कलाकारका रूपमा आफ्नो कला प्रदर्शन गर्छन् । समग्र शिक्षालयको व्यवस्थापन, कक्षा कोठाको व्यवस्थापन, प्रविधिको जडान र प्रयोग, उचित शिक्षण विधि अपनाउनु नितान्त आवश्यक छ । कक्षाकोठामा पर्याप्त छलफल, सिर्जना वा निर्माण, प्रस्तुतीकरण, प्रबोधीकरणको पर्याप्त वातावरण मिला उन सक्नाले चारै पक्ष प्राप्त हुन्छ र पूर्ण सिकाइ हुन्छ ।

नेपालमा स्कुलमै बालकको जन्मजात गुण अर्थात् अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने वातावरण र शिक्षण सिपको विकास गर्दै विद्यार्थीले पूर्ण सिकाइ गर्ने वातावरण बनाउन सकिएको छैन । अन्तर्निहित प्रतिभा पहिचान गरी उसले कुन कुरा अध्ययन गर्दा पूर्ण रूपमा हासिल गर्न सक्छ भन्ने कुराको परामर्श दिन सक्ने शिक्षक जनशक्तिको पनि अभाव देखिन्छ । अध्ययन अध्यापनलाई बालक केन्द्रित गर्न सफल भएका र शिक्षा मात्र होइन समग्र राजनीति, सरकार सञ्चालन, पारदर्शिता, सही स्थानमा सही जनशक्ति व्यवस्थापन गरेर समग्र राष्ट्रलाई केही वर्षमा उच्चकोटीमा पुऱ्याउन सफल देशका शिक्षक र प्राध्यापक परामर्श सेवा दिन सक्षम हुन्छन् । विद्यार्थीलाई सही मार्गदर्शन गरेर सिकाइमा सहयोगी बनेको पाइन्छ । नेपालका शिक्षालयमा पनि कम्तीमा एक जना परामर्शदाता शिक्षक उत्पादन गर्न सकेमा बेलैमा परामर्श दिएर विद्यार्थीलाई दिग्भ्रमित हुनबाट बचाएर उस्को क्षमताले भ्याउने र चाहेको अध्ययन विषय चयन गर्न सक्ने र त्यसलाई हासिल गरेर आफूलाई समाजमा स्थापित गर्न सक्ने बनाउन सकिन्छ । आफ्नो त्यस्तो जनशक्ति समाजको असल असल नागरिक बन्न सक्छ । देशको मात्र होइन विश्वलाई योगदान दिन सक्ने नागरिक बन्न सक्छ ।

शिक्षकलाई व्यावसायिक बनाउनु पर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यको अवस्था सिर्जना गर्नु पर्छ । . (गोपबाट)

संस्कृति, कला, बाल संशार



साकेला नाच प्रस्तुत गर्दै किराँत युवतिहरु ।

# डोल्पो क्याम्पसको सभा सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पाको सदरमुकाम दुनै बजारमा रहेको बि.सं. २०६० सालमा स्थापना भएको डोल्पाको पहिलो क्याम्पस डोल्पो क्याम्पस दुनै डोल्पाको क्याम्पस सभा-२०८२ सम्पन्न भएको छ । डोल्पो क्याम्पस संचालक समितिका कार्यबाहक अध्यक्ष लालिमान बुढाको अध्यक्षतामा जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाको प्रमुख आतिथ्यतामा र संविधान सभा सदस्य दुधकुमारी हमाल, ठुलीभेरी नगरपालिका उपप्रमुख छिरिङ टाल्मा महतको बिशेष आतिथ्यता लगाएतको उपस्थितिमा क्याम्पस सभा सम्पन्न भएको हो ।

डोल्पो क्याम्पस सभा-२०८२ मा क्याम्पसका लेखापाल सवृनम के.सी.ले आर्थिक प्रतिवेदन पेश गर्नु भएको थियो । भने क्याम्पस प्रमुख बिष्णुलाल बुढाले क्याम्पसको बार्षिक प्रगति प्रतिवेदन पेश गर्नु भएको थियो । प्रतिवेदनमा क्याम्पसमा भैरहेका गतिविधि र आगामी दिनको शैक्षिक योजना समेत पेश गरिएको थियो । क्याम्पस सभामा उठेका गुनासाहरुको बारेमा क्याम्पस प्रमुख बुढाले जवाफ दिनु भएको थियो । क्याम्पसको समग्र शैक्षिक तथा भौतिक परिवर्तनमा सहयोग गर्ने सबैलाई क्याम्पस प्रमुख बुढाले धन्यवाद दिनु भएको थियो ।

क्याम्पस सभामा प्रमुख अतिथि जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकाया, संविधानसभा सदस्य दुधकुमारी हमाल, अतिथिहरु नेपाली काँग्रेसका प्रतिनिधि लक्ष्मण कार्की, नेकपा(एमाले) का प्रतिनिधि नरबहादुर बुढा, नेकपा(माओवादी केन्द्र)का प्रतिनिधि ओमेन्द्र के.सी., ३ नं. वडा अध्यक्ष भक्त बहादुर भण्डारी, नागरिक समाज डोल्पका अध्यक्ष शेरबहादुर बुढा, सरस्वति माध्यमिक विद्यालय दुनैका प्रअ सत्यनारायण सिंहले शुभकामना मन्तव्य दिनु भयो ।

## सामान्य ज्ञान १३

*१. नेपालले बायो डाइभर्सिटी बियोन्ड नेसनल जुरिडिक्सन (बिबिएनजे) सम्बन्धी सम्झौतामा कहिले हस्ताक्षर गरेको हो ?*

*☐ विसं २०८० असोज ३ (सन् २०२३ सेप्टेम्बर २०)*

*२. दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?*

*☐ ६७० मेगावाट*

*३. राष्ट्र-परराष्ट्र नामक कृतिका सर्जक को हुन् ?*

*☐ डा. भेषबहादुर थापा*

*४. अनेसास डायस्पोरा वाङ्मय पुरस्कार २०२५ बाट सम्मानित हुने स्रष्टा को हुन् ?*

*☐ डा. तुलसी आचार्य (कृति : स्वप्नभूमि)*

*- अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार : रोसन थापा निरव (कृति : सन्त्रासका साठी दिन)*

*- अनेसास नन्दादेवी सर्वोत्कृष्ट लोकसाहित्य पुरस्कार : शशीराम कार्की (कृति : रुकुमका लोककथा)*

*- डायस्पोरा वाङ्मय पुरस्कार : डा. तुलसी आचार्य (कृति : स्वप्नभूमि)*

*- निबन्ध यात्रा पुरस्कार : मोमिला (निबन्धसङ्ग्रह : प्रश्नहरू बाँकी छन्)*

*- सांस्कृतिक अध्ययन विधाको पुरस्कार : डा. दुर्गाबहादुर घर्ती*

*- अनेसास राष्ट्रकवि डायस्पोरा काव्य पुरस्कार : कवि जगन्नाथ पौडेल (कृति : बग्दाबग्दै)*

# सुशासनका लागि भ्रष्टाचार नियन्त्रण

- भरतप्रसाद कोइराला(गोप)

भ्रष्टाचार नेपाललगायत अति कम विकसित तथा विकासोन्मुख देशको साझा समस्या हो । भ्रष्टाचारले राज्यका तिनै अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कार्यलाई यथारूपमा सञ्चालन हुन नदिई सुशासनमाथि नै प्रहार गर्छ । भ्रष्टाचार एउटा सरुवा रोग जस्तै हो जसको समयमै उपचार गरिएन भने फैलँदै जान्छ । भ्रष्टाचारले राज्यका हरेक क्षेत्रमा असर गर्छ । भ्रष्टाचारले नियम कानुनलाई मात्र कमजोर बनाउने मात्र होइन अन्ततः कानुनी राज्यको अवधारणामा समेत बाधा पुऱ्याउँछ । जहाँ भ्रष्टाचार हाबी हुन्छ त्यहाँ न्याय, सेवाप्रवाह सुस्त र विकास कमसल हुन्छ ।

सुशासन, मुलुकको दिगो विकास र उन्नयनका लागि भ्रष्टाचार मुख्य बाधक भएकाले यसको नियन्त्रण आवश्यक मानिन्छ । अति कम विकसित तथा विकासोन्मुख मुलुकमा लगानीको तुलनामा अपेक्षित विकास नभएपछि त्यसको कारण खोज्ने क्रममा ती देशमा भ्रष्टाचार, अनियमितता र अपारदर्शिता व्यापक रहेको देखियो । त्यसको नियन्त्रणका लागि सन् १९८९ मा सुशासनको अवधारणा ल्याइयो । सोही समयदेखि सुशासनको सन्दर्भमा सघन बहस, कार्यान्वयन र प्रतिबद्धता सुरु भएको मान्न सकिन्छ । जसमा अन्य कुराका अलावा मुख्य गरी सेवाप्रदायकको कामकारबाही पारदर्शी र अधिकार प्राप्त अधिकारी जवाफदेही हुनुपर्ने उल्लेख छ । यसरी सुशासनका सम्बन्धमा यति धेरै जोडदार बहस किन भइरहेको छ भने सुशासन भ्रष्टाचारको उपचार गर्ने एउटा राम्रो विधि वा माध्यम हो भन्ने मानिएको वा ठानिएको छ ।

नेपालको संविधानको प्रस्तावनामा सुशासनको प्रत्याभूति गर्ने, धारा ५१ मा सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाउने तथा प्रस्तावित सङ्घीय निजामती सेवा ऐनमा सेवा सञ्चालनका आधारभूत सिद्धान्त (दफा ४) मा अविच्छिन्न गैरराजनीतिक र स्थायी सेवाका रूपमा रहने सङ्घीय निजामती सेवा भ्रष्टाचार मुक्त हुने कुरा उल्लेख छ । त्यसै गरी सुशासन कायम गरी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न वार्षिक आर्थिक नीति तथा कार्यक्रममा समेत भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्ने उल्लेख गरिए पनि जनताले अनुभूत गर्ने गरी केही भएको पाइँदैन । यसका असन्तुष्टि समय समयमा सडक र सदनमा समेत देखिँदै आएका छन् ।

नेपालमा भ्रष्टाचार, अनियमितता र बेथिति मौलाउनुमा विशेष गरी राजनीतिक अस्थिरता, बारम्बारको सरकार परिवर्तन, कानुनको पालना र कार्यान्वयनमा कठोर नहुनुलाई मुख्य कारक मान्न सकिन्छ । पछिल्लो समय नियन्त्रण हुनुको सट्टा भ्रष्टाचार स्थानीय तहसम्म फैलिन पुगेको छ । जनताको घरदैलोसम्म सेवा दिन स्थापित स्थानीय तहमा भएका भ्रष्टाचारका समाचारले नेपालमा भ्रष्टाचार झाँगिँदै गएको कहालिलाग्दो चित्रण गरेकै छ । भ्रष्टाचार बढ्नुमा कानुनको प्रभावकारी कार्यान्वयनको अभाव, दण्डहीनता, राजनीतिक अस्थिरता र अस्थिर सरकारका साथै दोषीलाई दिइने राजनीतिक संरक्षण मुख्य बाधक हुन् । साँच्चिकै भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रदान गर्ने हो भने थप कानुन र भ्रष्टाचार नियन्त्रणका लागि थप निकाय वा आयोग होइन भइरहेका कानुनको प्रभावकारी कार्यान्वयन र निकायलाई अधिकारसम्पन्न बनाई भ्रष्टाचार र अनियमिततामा संलग्न जोकोहीले पनि सजायबाट उन्मुक्ति नपाउने व्यवस्था गरी यसविरुद्धको कारबाहीलाई कठोर, सघन र तीव्र बनाउनु पर्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् १९९५ मा ४१ मुलुक समावेश गरी विभिन्न मुलुकको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको सूचकाङ्क प्रकाशन गर्न सुरु गरे पनि नेपाललाई भने सन् २००४ देखि मात्र समावेश गरेको पाइन्छ । तथापि मल्ल राजा जयस्थिति मल्लको '...कथं प्रजाः सुखित भवेत...' भन्ने वाणीबाट त्यतिबेलै पनि शासकमा जनतालाई असल शासन दिनुपर्ने सोच भएको पाइन्छ । प्रथम पटक नेपाल समावेश गरिएको सूचकाङ्कमा नेपाल १४६ देशमध्ये ९० औं स्थानमा रहेको छ । त्यसयता भ्रष्टाचारको सूचकाङ्क हेर्दा नेपालमा भ्रष्टाचार बढ्दै गएको प्रत्येक वर्ष ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशन गरेको विवरणबाट देख्न सकिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचारको सूचकाङ्क विविध आयामबाट गरिएको सर्वेक्षणका आधारमा निर्धारण गर्ने गर्छ । गत वर्ष आयातनिर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निकायमा समेत भ्रष्टाचार बढेको भन्ने सर्वेक्षणमा देखिँदा नेपालले एक सयमा ३४ अङ्क प्राप्त गरी १८० मुलुकमध्ये १०७ औं स्थानमा परेको प्रतिवेदनमा उल्लेख छ । भुटान दक्षिण एसियामा सुशासन कायम गर्नमा अग्रस्थानमा देखिएको छ भने अफगानिस्तान सबैभन्दा पछाडि परेको प्रतिवेदनमा देख्न सकिन्छ । यद्यपि ती प्रतिवेदनको विश्वसनीयता के/कति भन्ने सवाल पनि यदाकदा आउने गरेको छ । अर्थात् प्रतिवेदन विवादरहित भने रहेको छैन ।

जनतालाई सुशासन प्रत्याभूति गर्ने उद्देश्यले नेपाल सरकारका प्रत्येक कार्यालयमा नागरिक बडापत्रका ठुला ठुला बोर्ड तथा क्युआर कोड राखिएका छन् । सरोकारवाला/सेवाग्राहीले आफ्नो कामका लागि कहाँ कहाँ र कुन कुन अधिकारीसँग सम्पर्क गर्नु पर्छ र सबै कागजात पूरा भएमा कति समयभित्र सेवा प्राप्त गर्न सकिन्छ भनी उल्लेख गरिएको भए पनि सोबमोजिम सेवा भने नपाएको गुनासो आउने गरेको छ । सरकारले सेवा प्रदान गर्ने निकायलाई जिम्मेवार बनाउन 'क्षतिपूर्तिसहितको नागरिक बडापत्र व्यवस्थापन निर्देशिका, २०६९' जारी गरेको थियो । उक्त निर्देशिकामा नागरिक बडापत्रमा उल्लेख भएको समयभित्र सेवा प्राप्त नभएमा सेवाग्राहीलाई क्षतिपूर्ति स्वरूप मौद्रिक रकम दिनुपर्ने उल्लेख छ तर कार्यान्वयन पक्ष एकदम फितलो वा शून्य जस्तै छ । यसै गरी सुशासन प्रत्याभूति गर्ने उद्देश्यले सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने संविधानप्रदत्त हकको संरक्षण तथा संवर्धन गर्न, सार्वजनिक कामकारबाही पारदर्शी बनाउन र त्यस्ता कामकारबाहीको सूचना दिन तथा जनताको जनगुनासो व्यवस्थापन गर्न प्रत्येक मन्त्रालय, विभाग वा कार्यालयमा आवश्यकता अनुसार सूचना अधिकारी तथा प्रवक्ताको समेत व्यवस्था गरिएको छ ।

विश्वका विकसित र भ्रष्टाचार कम हुने मुलुकमा भ्रष्टाचार नियन्त्रणका लागि गठन गरिएका निकाय तथा अपनाइएका नियम, कानुन र सजाय जस्तै वा त्योभन्दा धेरै कडा कानुन र दण्डसजाय तथा धेरै ऐन, नियम तथा निकायको व्यवस्था नेपालमा छ तर पनि भ्रष्टाचार किन नियन्त्रण हुन नसक्नुमा राजनीतिक अस्थिरता, अस्थिर सरकार, भ्रष्टाचारीलाई दिइने राजनीतिक संरक्षण, दण्डहीनता, अपारदर्शिता र कानुनको फितलो कार्यान्वयनको पक्ष नै मुख्य बाधकका रूपमा देखिन आउँछ । यसबाहेक हाम्रो अदृश्य चुनावी खर्चले पनि भ्रष्टाचार बढाउन मद्दत गरेको छ । केही मुलुकमा भ्रष्टाचार नियन्त्रणका लागि भ्रष्टाचारसम्बन्धी मुद्दाको सुनुवाइ छिटो गर्ने तथा विद्युतीय सरकार वा विद्युतीय प्रणालीमार्फत सेवा दिई मानव सम्पर्क कम गर्ने व्यवस्था गरेको पाइन्छ भने कुनै कुनै मुलुकमा मृत्युदण्ड नै दिने गरेको पनि पाइन्छ । नेपालको संविधानले मृत्युदण्ड दिने व्यवस्था अस्वीकार गरेको छ ।

सुशासनको मूल मर्म भ्रष्टाचार नियन्त्रण गर्दै दिगो विकास गर्ने तथा सरकारले सार्वजनिक निकायको कामकारबाहीलाई पारदर्शी तुल्याई, प्रत्यक्ष वा परोक्ष रूपमा जनतालाई पुऱ्याउने सेवा सरल, .....(गोपबाट)


## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :
- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

# नेकपा स्थापनादेखि एमालेको यो महाधिवेशनसम्म

- प्रकाश सिलवाल

काठमाडौँ, मङ्सिर २७ गते । नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७६ औँ वर्ष पुग्दा कम्युनिष्ट आन्दोलनको प्रमुख पार्टीका रूपमा रहेको नेकपा (एमाले) विभिन्न आरोह अवरोहबिच ११ औँ राष्ट्रिय महाधिवेशनसम्म आइपुगेको छ ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना पुष्पलाल श्रेष्ठको नेतृत्वमा विसं २००६ वैशाख १० गते भएको थियो । श्रेष्ठको नेतृत्वमा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायण विलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेर भारतको कोलकाताको श्यामबजार इलाका २८, नवीन सरकार लेनस्थित एक घरबाट आरम्भ भएको नेकपा अहिले विभिन्न धार र पार्टीमा क्रियाशील छ ।

विश्व कम्युनिष्ट घोषणापत्र जारी भएको १०२ वर्षपछि र सोभियत सङ्घमा अक्टोबर क्रान्ति सम्पन्न भएको ३२ वर्षपछि नेपाली कम्युनिस्ट आन्दोलनको स्थापना भएको थियो । त्यसबेला चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी क्रान्ति सफल हुनुभन्दा चार महिनाअघिको यस समयमै अङ्गेज उपनिवेशबाट छिमेकी भारत मुक्त बनिसकेको थियो भने नेपालीहरू १०४ वर्ष लामो जहानियाँ राणा शासनको निरङ्कुशताबाट मुक्त हुन खोजिरहेको बेला थियो ।

त्यहीबीचमा स्थापना भएको नेकपाको पहिलो महाधिवेशन २०१० साल माघ १० देखि २० टगतेसम्म ललिपुरको पाटनमा सम्पन्न भएको थियो । उक्त महाधिवेशनले महामन्त्रीमा मनमोहन अधिकारीलाई चयन गरेको थियो । दोस्रो महाधिवेशन २०१४ साल जेठ १५ देखि २५ गतेसम्म काठमाडौँको दरबारमार्गमा भई महासचिवमा डा केशरजङ्ग रायमाझीलाई जिम्मेवारी दिएको थियो । यो महाधिवेशनपछि पार्टीभित्र प्रजातन्त्र कि राजतन्त्र भन्ने विवाद उत्पन्न भएको थियो ।

नेकपाको तेस्रो महाधिवेशन पञ्चायतकालकै बिचमा २०१९ साल वैशाख ४ देखि १५ गतेसम्म भई महासचिवमा तुल्सीलाल अमात्य चुनिनुभएको थियो । नेकपाको चौथो महाधिवेशन भने २०४६ भदौ ९ देखि १४ गतेसम्म सिरहाको विष्णुपुर कट्टी, सर्रे अम्बासमा भई महासचिवमा मदनकुमार भण्डारी निर्वाचित हुनुभएको थियो ।

यो महाधिवेशनपछि नेकपाका विभिन्न समूह र उपसमूह देखा पर्न थाले भने एमालेले 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौँ' भन्ने नाराका साथ आफूलाई अलग धारका रूपमा अगाडि बढाएको देखिन्छ । यसैगरी एमालेको पाँचौँ महाधिवेशन २०४९ माघ १४ देखि २० गतेसम्म काठमाडौँको दशरथ रङ्गशालामा भएको थियो ।

यस महाधिवेशनबाट पार्टीको अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा मदनकुमार भण्डारी नेतृत्वमा आउनुभएको थियो । एमालेको हालसम्मको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जनताको बहुदलीय जनवाद (जबज) लाई महासचिव भण्डारीले प्रस्तुत गरी पारित भएकाले यो महाधिवेशन एमालेको वैचारिक इतिहासमा महत्त्वपूर्ण मानिएको छ । यस्तै, एमालेको छैठौँ महाधिवेशन विसं २०५४ माघ १२ देखि १८ गतेसम्म नेपालगन्ज, बाँकेमा भई अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा माधवकुमार नेपाल चयन हुनुभयो । यो महाधिवेशनको मूलनारा 'विकृति र विसङ्गतिका विरुद्ध सङ्घर्ष गरौँ, विचारधारात्मक रूपमा पार्टीलाई एकताबद्ध पारौँ' रहेको थियो । एमालेको सातौँ महाधिवेशन विसं २०५९ माघ १८ देखि २२ गतेसम्म, जनकपुर, धनुषामा भएको थियो । 'प्रजातन्त्र, शान्ति र समग्र विकास, प्रतिगमनविरुद्ध अग्रगामी निकास १' को मूल नारा रहेको उक्त महाधिवेशनले महासचिवमा माधवकुमार नेपाललाई चयन गरेको थियो ।

त्यसपछि विसं २०६५ फागुन ५ देखि १४ गतेसम्म, बुटवलको रुपन्देहीमा भएको आठौँ महाधिवेशनले अध्यक्षमा झलनाथ खनाल र महासचिवमा ईश्वर पोखरेल निर्वाचित हुनुभयो । उक्त महाधिवेशनको मूल नारा ' यथास्थिति, अराजकता र विखण्डनका विरुद्ध आठौँ महाधिवेशन, राष्ट्रिय एकता, सामाजिक रूपान्तरण र लोकतान्त्रिक गणतन्त्रका लागि नयाँ संविधान १' रहेको थियो ।

एमालेको नवौँ महाधिवेशन भने विसं २०७१ असार १९ देखि साउन १ गतेसम्म भृकुटीमण्डप, काठमाडौँमा भई अध्यक्षमा केपी शर्मा ओली र महासचिवमा ईश्वर पोखरेललाई निर्वाचित गऱ्यो । महाधिवेशनको नारा 'शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिलाई संस्थागत गरौँ, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गरौँ १' रहेको थियो ।

पछिल्लो पाँच वर्षयता एमालेले नीति र विधान तथा नेतृत्व चयनका लागि छुट्टाछुट्टै महाधिवेशनको परिपाटी थालनी गरेको छ । एमालेको प्रथम विधान महाधिवेशन विसं २०७८ असोज १५ देखि १७ गतेसम्म, गोदावरी, ललितपुरमा भएको थियो । उक्त महाधिवेशनको नारा 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौँ' रहेको थियो ।

एमालेको दसौँ राष्ट्रिय महाधिवेशन २०७८ मङसिर १० देखि १२ गतेसम्म, सौराहा, चितवनमा भएको थियो । सो महाधिवेशनको नारा 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौँ' भन्ने रहेको थियो । उक्त महाधिवेशनले अध्यक्षमा केपी शर्मा ओली र महाचिवमा शङ्कर पोखरेललाई निर्वाचित गरेको थियो ।

एमालेको दोस्रो विधान महाधिवेशन २०८२ भदौ २० देखि २२ गतेसम्म, गोदावरी, ललितपुरमा भई नेतृत्वमा दुई कार्यकालभन्दा बढी रहन र ७० वर्ष उमेर हद हटाउने व्यवस्था गरिएको छ ।

आजदेखि पार्टीको ११औँ महाधिवेशन सुरुभएको छ । भक्तपुरको सल्लाघारीमा महाधिवेशनको उद्घाटन भएको छ भने बन्दसत्र आइतबारदेखि काठमाडौँको भृकुटीमण्डपमा हुनेछ । यस महाधिवेशनको मूल नारा 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' रहेको छ । रासस


## हिउँ पहिरोबाट सचेत होऔं ।

बाढी र हिउँ पहिरो आउनुअघि :

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउं भए सावधानी अपनाऔं,
- आपतकालीन झोला तयार गरौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिऔं,

बाढि र हिउँ पहिरो आएमा :

- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरुबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तबरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

## डोल्पाको आर्थिक समृद्धि र विकास
## पर्यटन क्षेत्रको संवर्धन र पूर्वाधार विकास

# बहुदलीय जनवादको मूल मर्म

- राजेन्द्रप्रसाद गौतम

नेकपा एमालेको एघारौं महाधिवेशन आजबाट सुरु हुँदैछ । देशभरबाट एमालेका महाधिवेशन प्रतिनिधि राजधानीमा भेला भएका छन् । भेलाले नयाँ नेतृत्व चुन्ने छ । एमालेको राजनीतिक कार्यक्रम मदन भण्डारी द्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद हो । जनताले देशको राजनीति, राज्यसत्ता र सार्वजनिक तथा राजकीय मामिलामा अन्तिम एवं निर्णायक फैसला गर्न पाउनु पर्छ भन्ने बहुदलीय जनवादको मूल मर्म हो । देशको सार्वभौमिकताको वास्तविक मालिकका रूपमा जनताले भूमिका खेल्न पाउनु पर्छ । युग, समय र परिस्थितिका आधारमा बदलिएका राजनीतिक विषयलाई ठीक ढंगले बुझेर मात्र जनताको जनवादी क्रान्तिलाई ठीक ढंगले निर्देशित गर्न र त्यसमा भाग लिन सकिन्छ भन्ने बहुदलीय जनवादको मर्म हो ।

समाजमा बहुलता छ, जीवनमा बहुलता छ, प्रकृतिमा बहुलता छ, बहुलताविना द्वन्द्व हुँदै र द्वन्द्वविना प्रगति वा विकास हुँदैन । विकास र अग्रगतिका लागि प्रकृतिबाट प्रतिस्पर्धा सुरु हुन्छ । प्रतिस्पर्धा बहुलतामा नै हुने कुरा हो । प्रतिस्पर्धाबाट नै श्रेष्ठता हासिल हुन्छ । प्रकृति, जीवन र समाजको यो द्वन्द्वात्मक सत्य राजनीतिमा पनि लागू हुन्छ भन्ने मदन भण्डारीले नेपाली समाजमा रहेका वर्गहरुको वास्तविक अन्तर्सम्बन्ध र विरोधको विद्यमान स्वरुपलाई दृष्टिगत गरी समाजमा वर्ग रहेसम्म विद्यमान वर्गहरूका भिन्नाभिन्नै राजनीतिक स्वार्थ हुनु स्वाभाविक हो । वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीतिक हुन्छ । एउटै वर्गमा पनि राजनीतिमा विविधता र मतभेद हुन सक्छ भन्ने निष्कर्ष भण्डारीको छ । यही निष्कर्षको ठोस अभिव्यक्ति हो-जनताको बहुदलीय जनवाद ।

संविधानको सर्वोच्चता

संविधान देशको मूल कानुन हो र देशको सम्पूर्ण राजनीतिक, आर्थिक क्रियाकलापहरू र वर्गको भूमिका एवम् अन्तर्सम्बन्धहरूको व्याख्या गर्ने दस्तावेज हो । कुनै पनि वर्ग, व्यक्ति, संस्था वा पार्टी विशेष संविधानभन्दा माथि रहन सक्दैन । सबैका निम्ति संविधान समान रूपले अनुल्लङ्घनीय हुनुपर्छ । संशोधन गर्न सकिने निश्चित प्रावधानहरू संविधानमा रहन्छन् र त्यो लचिलो हुनुपर्छ । जबसम्म त्यसमा संशोधन भएको हुँदैन, त्यसलाई कसैले पनि उल्लङ्घन गर्न पाउँदैन । सम्पूर्ण जनताको निश्चित अधिकार र कर्तव्यको परिभाषा गर्ने दस्तावेज भएकाले कुनै पनि एउटा पक्षबाट त्यसमाथि थिचोमिचो हुनु हुँदैन । त्यसकारण हामीले एउटा महत्वपूर्ण तत्वका रूपमा संविधानको सर्वोच्चता सामेल गरेका छौं । क्रान्तिकारी सत्ता, जनताको सत्ता पनि विधानविहीन हुनु हुँदैन । विधानसम्मत चल्नु पर्छ । कतिपय देशमा क्रान्तिकारी सत्तालाई संविधानभन्दा माथि राख्नाले भएका अराजकताको परिणाम हानिकारक भएको कुरा सर्वविदितै छ । समाजको निरन्तर प्रगतिलाई संविधानले निकास दिन सक्नु पर्छ र संविधान सर्वोच्च हुनु पर्छ ।

बहुलवादी खुला समाज

प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनु पर्छ । यो स्वाभाविक र प्रकृतिसंगत कुरा हो । त्यसको उल्टो केवल शासक वर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्दैन । प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टी, सामाजिक संस्था, नेता र अधिकारीका बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्र रूपमा बोल्न दिनु पर्छ । मुलुकको संविधान र नियमकानुनका आधारमा प्रेस र पर्यटनको स्वतन्त्रता हुनु पर्छ । बाहिरी दुनियाँबाट अलगथलग, बन्द र एकोहोरो समाज हुनुहुँदैन । कम्युनिस्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुलापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन । हामी बहुलवाद र खुला समाजको पक्षमा छौं ।

शक्ति पृथकीकरणको सिद्धान्त

समाजवादी देशमा लामो समयसम्म व्यक्तिको हातमा शक्तिको अतिकेन्द्रीकरण रह्यो । त्यसबाट समाजलाई लाभ होइन, हानि भयो । त्यसपछि व्यक्तिको हातमा हुने अतिकेन्द्रीकरणको आलोचना गर्दै विकेन्द्रित गर्ने प्रक्रिया शुरू भएको छ । तर व्यक्तिको हातमा मात्र होइन, कुनै एउटा संस्थाको हातमा पनि अनि केन्द्रीकरण हुनु हुँदैन । एउटै संस्था कार्यकारी, विधायिकी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनुहुँदैन । राज्यका विभिन्न अधिकारलाई प्रयोग गर्ने केन्द्रमा पृथक निकायहरू हुनुपर्छ । अझ राज्यका अधिकार शासक पार्टीले प्रयोग गर्ने र राज्य र पार्टीबिचको भिन्नतालाई समाप्त गर्ने काम हुनु हुँदैन । राज्य र पार्टीबिचको भिन्नता र अन्तर्सम्बन्धलाई ठीक ढङ्गले सञ्चालन गरिनुपर्छ । यही अवधारणाबाट हामीले शक्ति पृथकीकरणको सिद्धान्तलाई आफ्नो कार्यक्रममा समावेश गरेका छौं ।

मानव अधिकारको रक्षा

दुनियाँमा कम्युनिस्ट मानवअधिकारको पक्षमा छैनन् भन्ने पूँजीवादपन्थीहरूको व्यापक प्रचार छ । कतिपय कम्युनिस्ट पनि मानवअधिकारको रक्षा गर्ने हाम्रो काम र कार्यक्षेत्र होइन भन्ने ठान्छन् । हामी मानवअधिकारको पक्षमा छौं र लामो समयदेखि त्यसको निम्ति सङ्गठित रूपमा लड्दै आएका छौं । साँचो अर्थमा कम्युनिस्ट नै मानव अधिकारको सबभन्दा दृढ योद्धा हुन् र हुन सक्छन् । त्यस कारण हामीले मानवअधिकारको रक्षालाई एउटा महत्वपूर्ण तत्वका रूपमा कार्यक्रममा समावेश गरेका छौं ।

बहुदलीय प्रतिस्पर्धाको प्रणाली

संविधानको परिभाषाभित्र राज्य र त्यसका राजकीय निकाय सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन् । त्यसमा एउटा मात्र राजनीतिक पार्टीको एकाधिकार हुन सक्दैन । अझ राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्न खोज्नु गैरजनवादी कुरा हो । अनेक वर्ग रहेको समाजमा, पेसागत विविधता रहेको स्थितिमा पनि र खास गरी वर्गीय विविधता भएको समाजमा अनेक राजनीतिक पार्टीहरू स्वाभाविक रूपमा हुन्छन् । ..................... (गोपबाट)


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
दुनै, डोल्पा

**जोन/ सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम संचालनको लागि दररेट पेश गर्ने सम्बन्धी सुचना**

**सूचना प्रकाशित मिति २०८२/०८/ १९गते**

**सूचना नं १७**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई डोल्पाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग" संचालनको लागि कार्यालयको सुचना नं.४ मिति २०८२/०४/०९ गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धि सूचना बमोजिम छनोट भएका कृषि सहकारी/समुह/उद्यमीहरुलाई परियोजना कार्यान्वयन म्यानुअल, २०७७ अनुसार ५०% प्रतिशत मूल्य अनुदानमा आवश्यक मेशिनरी कृषि औजार उपकरणहरु परिपुर्ति गर्नु पर्ने भएकोले मुल्यमा एकरुपता ल्याउन यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८२/०९/०४ गते भित्र इच्छुक उत्पादक,अधिकृत विक्रेता तथा सप्लायर्सकर्ताहरु मौजुदा सूचिमा सूचिकृतका लागि निवेदनका साथ सूचनामा संलग्न गरिएको specification का कृषि यन्त्र उपकरणहरुको दररेट कार्यक्रम कार्यान्वयन एकाई दुनै डोल्पामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मौजुदा सूचीमा सूचीकृतका लागि निवेदन साथ दिनु पर्ने आवश्यक कागजातहरु**

१.उत्पादन कम्पनी वा त्यसको अधिकृत/आधिकारिक विक्रेताको सहि छाप सहितको निवेदन
२.व्यवसायिक अनुमति पत्र व्यवसायको प्रकृतिसंग सम्बन्धित कागजात पेश गर्नु पर्ने
३.स्थायी लेखा प्रमाण-पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र
४. आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र
५.कालोसुचीमा परे/नपरेको खुलाउनु पर्ने छ।
६. संचालकको नागरिकताको प्रतिलिपि
७. कृषि यन्त्र उपकरणको स्पेशिफिकेसन खुल्ने रंगिन CATALOGUE LEAFLET
८. कृषि यन्त्र उपकरणहरु दुनै, डोल्पामा उपलब्ध गराउनु पर्नेछ ।

नोटः- अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

गोविन्द बहादुर मल्ल
निमित कृषि अधिकृत

# अनुशासन, नेतृत्व र पारदर्शिता

- बलिभद्र राना

ग्रीक दार्शनिक प्लेटोले आफ्नो कृति 'रिपब्लिका'मार्फत् 'आदर्श-नेता'को प्रतिरूप प्रस्तुत गरेका छन् ।'राज्य चलाउन सबैभन्दा योग्य व्यक्ति साधारण शासक होइन, दार्शनिक हुन्छ'प्लेटो भन्छन्, 'दार्शनिक-नेता जन्मिदैन, तयार हुन्छ ।'

आजको विश्व व्यवस्थालाई चाहिएको कस्तो नेता हो ?आजको विश्व सामाजिक व्यवस्था प्रतिक्रान्तिको पकडमा निसास्सिएको बेला निकासको छिद्र अन्वेषण सैद्धान्तिक वहसबाटै सम्भव छ। त्यसैले विद्वानहरूले शासन गर्छन् वा जो शासन गर्छन्, उनीहरू विद्वान् हुन्छन् भन्ने प्लेटोको निष्कर्श छ। त्यो शासन लोकतन्त्रको शासन हो ।

कार्ल मार्क्सको मृत्यु भएको झण्डै एक शताब्दीपछि मार्क्सकै रुपक लिएर जन्मिएका मदन भण्डारीको सम्पूर्ण विचारका ब्याख्याता नेता शंकर पोखरेल त्यहि आदर्श नेता हुन्, जसलाई प्लेटोले परिकल्पना गरेका थिए ।

कार्ल मार्क्सको मृत्यु भएको झण्डै एक शताब्दीपछि मार्क्सकै रुपक लिएर जन्मिएका मदन भण्डारीको सम्पूर्ण विचारका ब्याख्याता नेता शंकर पोखरेल त्यहि आदर्श नेता हुन्, जसलाई प्लेटोले परिकल्पना गरेका थिए तर अहिले भइरहेको छ के ? यस सन्दर्भमा पनि प्लेटोकै भनाइ साभार गर्न सकिन्छ, उनले भनेका छन्, 'सबैभन्दा ठूलो समस्या तब उत्पन्न हुन्छ, जब नेतृत्व त्यस्ता व्यक्तिहरूका हातमा पर्छ, जसले नेतृत्व गर्नै हुँदैन।' अज्ञान र अनियन्त्रित इच्छाहरूले भरिएको नेतृत्वले राज्यलाई क्षयतिर लैजान्छ । के नेपाली राजनीति त्यो दिशामा तिव्ररुपमा अगाडि बढिरहेको छैन ?

वर्तमान नेपाली राजनीतिक संकटको मूल जड पनि सत्ता-सन्तुलन भत्किएको अस्थिर दलगत संस्कृति, वैधानिक संस्थाहरूको कमजोर भूमिका करण र दीर्घकालीन राष्ट्रिय दिशाभावनाको अभावमा रहेर विकसित भएको छ । 'आजसम्मको सम्पूर्ण इतिहास वर्गसङ्घर्षको इतिहास हो' भन्ने कार्ल मार्क्ससँग सहमत नभई यस्तो राजनीति र समाजको विश्लेषण मात्र होइन, कुनै पनि समस्याको जड र समाधान खोज्न असम्भव छ ।पछिल्लो नेपाली राजनीति र राज्यका तीनै अङ्ग शिथिल अवस्थामा पुगेको सन्दर्भ मात्र नभएर आजसम्मको नेपाली समाजको विकासे बाधाहरुको कारकतत्व र त्यसको समाधान फगतलो कप्रियता र क्षणिक प्रभावी अभिव्यक्ति र भावभङ्गीबाट प्राप्त गर्न सकिदैन । कुनै पनि समाजको विकासमा निश्चित अवधारणाले काम गरिरहेको हुन्छ, आजको त्यहि समय सन्दर्भलाई व्याख्या गर्दै पोखरेलले प्रष्ट भनेका छन्, 'वर्तमान राजनीतिक-सामाजिक अस्थिरतालाई सरकारी कमजोरीको विषय मात्र होइन, यो दल संरचना, निर्वाचन प्रणाली, पार्टी संयन्त्र र युवा सहभागिताको प्रतिबिम्ब पनि हो ।'

आज राजनीतिप्रति मात्रै वितृष्णा छ ? समाजका प्रत्येक नशा तरङ्गमा राजनीतिक सम्बन्ध छ, त्यसैले यसको प्रभाव बहुआयामिक हुने भैहाल्यो तर अविकास र अपरिवर्तनमा राजनीतिक असफलता मात्र सम्बन्धित छैन । राजनीतिक मुक्ति, शक्ति र नेतृत्व जनसमुदायबाटै जन्मिनुपर्छ।त्यसो भए नेपाली जनताले चाहेको नेतृत्व चिन्न पनि सकेका छन् ? यति बेला अब्राहम लिंकनको एउटा भनाइ स्मरण गर्नुपर्ने हुन्छ, उनले भनेका छन्, 'राजनीतिमा स्थायित्व, न्याय र विकास चाहनुहुन्छ भने नेतृत्व स्पष्ट विचार र सत् चरित्रमा आधारित हुनुपर्छ।'

वैचारिक अस्पष्टताले नेतृत्वमा द्विविधा र भ्रम जन्माउँछ र त्यसले संगठन र समाज दुवैलाई कमजोर बनाउँछ भन्ने विषय शंकर पोखरेलले स्पष्ट राख्दै आएका छन् । संगठन र समाज दुवैका लागि वैचारिक स्पष्टता नेता शंकरको एश्वर्य हो । आजको नेपाली समाजले तिव्रतर रुपमा विकास र परिवर्तनको अपेक्षा गरेको छ ।

वैचारिक अस्पष्टताले नेतृत्वमा द्विविधा र भ्रम जन्माउँछ र त्यसले संगठन र समाज दुवैलाई कमजोर बनाउँछ भन्ने विषय शंकर पोखरेलले स्पष्ट राख्दै आएका छन् । संगठन र समाज दुवैका लागि वैचारिक स्पष्टता नेता शंकरको एश्वर्य हो । आजको नेपाली समाजले तिव्रतर रुपमा विकास र परिवर्तनको अपेक्षा गरेको छ । त्यो भौतिक विज्ञान र यसको चरम सदुपयोगबाट सम्भव छ । तर त्यसको लागि एउटा वैचारिक मापदण्ड अपरिहार्य छ । जसरी चीनमा माओले मार्क्सवादको चिनिया शैलीमा रुपान्तरण गरी लागु गरे, त्यसरी नै मदन भण्डारीले वैज्ञानिक समाजवादको नेपालीकरण गरेर जनताको बहुदलीय जनवाद (जबज) निर्माण गरे । नेता पोखरेलले त्यस सिद्धान्तको व्याख्या गर्दै नेपालको राजनीतिक रूपान्तरण, लोकतान्त्रिक विकास र समाजवादी यात्राको ऐतिहासिक, वैचारिक तथा व्यवहारिक आधारका रूपमा स्थापित मौलिक सिद्धान्तको रुपमा अर्थ्याएका छन् ।

जननेता मदन भण्डारीले प्रतिपादित यो सिद्धान्त केवल राजनीतिक कार्यक्रम होइन-नेपालको समाज, इतिहास, वर्ग संरचना, सांस्कृतिक विशेषता र विश्व कम्युनिस्ट आन्दोलनका सफल-असफल अनुभवहरूको वैज्ञानिक संश्लेषण हो । जबजले मार्क्सवादी सिद्धान्तलाई नेपाली यथार्थसँग सुसम्बद्ध गर्दै समाजवादी रूपान्तरणको मार्गलाई शान्तिपूर्ण, लोकतान्त्रिक, प्रतिस्पर्धात्मक र जनसहभागितामूलक बनाउने स्पष्ट दिशा प्रदान गरेको छ । यसले प्रस्ट् याएको मूल सत्य यही हो–लोकतन्त्र र समाजवाद परस्परविरोधी होइनन्, बरु एक-अर्काका पूरक हुन् । संविधानको सर्वोच्चता, विधिको शासन, मानवअधिकारको सम्मान, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, प्रतिपक्षको भूमिका, शक्ति पृथकीकरण, सामाजिक न्याय र आर्थिक समता-यी सबै केवल राजनीतिक मूल्य होइनन्, समाजवादसम्म पुग्ने आधारशिला हुन् । जबजले यी मूल्यलाई पुँजीवादी प्रयोगको दायराबाट निकालेर श्रमजीवी वर्ग, जन-अधिकार र समाजवादी उद्देश्यका पक्षमा पुनर्स्थापित गरेको छ ।

जननेता मदन भण्डारीले प्रतिपादित यो सिद्धान्त केवल राजनीतिक कार्यक्रम होइन-नेपालको समाज, इतिहास, वर्ग संरचना, सांस्कृतिक विशेषता र विश्व कम्युनिस्ट आन्दोलनका सफल-असफल अनुभवहरूको वैज्ञानिक संश्लेषण हो । जबजले मार्क्सवादी सिद्धान्तलाई नेपाली यथार्थसँग सुसम्बद्ध गर्दै समाजवादी रूपान्तरणको मार्गलाई शान्तिपूर्ण, लोकतान्त्रिक, प्रतिस्पर्धात्मक र जनसहभागितामूलक बनाउने स्पष्ट दिशा प्रदान गरेको छ ।

जबजले देखाएको मार्ग यही हो- जनताको हातमा सत्ता, जनताको हितमा राज्य र जनताको आकांक्षा अनुरूपको समाजवादी लोकतन्त्र । नेपाललाई समृद्ध, न्यायपूर्ण र समान अवसरयुक्त राष्ट्र बनाउने आधार यही सिद्धान्तमै निहित छ । यही वर्गीय दृष्टिकोण नै जबजको मौलिक सार हो । नेपाली समाजको विकासलाई रोक्ने प्रमुख बाधालाई नेता पोखरेलले समग्र रूपमा राजनीतिक अस्थिरता, दीर्घकालीन राष्ट्रिय दृष्टिकोणको अभाव र दलगत हितमा मात्रै बढी झुक्ने शासन-संस्कृति पहिचान गरेका छन् । संगठनात्मक वैचारिक आधार निर्माणमा वर्ग .....(दैनिकनेपालबाट)


## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा